# धनगढी उप-महानगरपालिका

## स्थानीय राजपत्र

**खण्डः६** **सङ्ख्याः ०७** **मितिः२०७९/०९/२५**

भाग-०१

धनगढी उप-महानगरपालिका

# विद्युतीय रिक्सा र अटो रिक्सा (सञ्चालन तथा व्यवस्थापन सम्बन्धी) ऐन, २०७९

**नगरसभाबाट स्वीकृत मितिः २०७९।०९।२५**
**राजपत्रमा प्रकाशन मितिः २०७९।०९।२८**

**प्रस्तावनाः** धनगढी उप-महानगरपालिका क्षेत्र भित्र सञ्चालन हुने विद्युतीय रिक्सा तथा पेट्रोलियम पदार्थबाट चल्ने तीन पाङ्ग्रे अटो रिक्साहरु जस्ता सार्बजनिक यातायातको रुट निर्धारण, अनुमति, नबिकरण, खारेजी, सेवाको गुणस्तर, भाडादर निर्धारण र नियमनको ब्यबस्थापन गरी नगरको आबश्यकता, ट्राफिक ब्यबस्थापनमा सहजता, बजार ब्यबस्थापनका साथै सवारी धनिहरुको हित प्रबर्द्धनका साथै सवारी दुर्घटना न्यूनिकरण गर्नको लागी कानूनी व्यवस्था गर्न वान्छनीय भएकाले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ (ट) को कानुनी व्यवस्था को कार्यान्वयन गर्न नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार संचालन ऐनको दफा १०२ बमोजिम धनगढी उप-महानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

धनगढी उप-महानगरपालिका राजपत्र

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "धनगढी उप-महानगरपालिकाको विद्युतीय रिक्सा र अटो रिक्सा (सञ्चालन तथा व्यवस्थापन सम्बन्धी) ऐन, २०७९" हुनेछ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएका मिति देखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "अटो रिक्सा" भन्नाले इन्जिन जडित पेट्रोलियम पदार्थबाट चल्ने तीन पाङ्ग्रे टेम्पु वा अटो रिक्सा समेत लाई जनाउँछ।

(ख) "उप-प्रमुख" भन्नाले धनगढी उप-महानगरपालिकाको उप-प्रमुख भन्ने बुझाउने छ।

(ग) "ऐन" भन्नाले धनगढी उप-महानगरपालिकामा विद्युतीय रिक्सा र अटो रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी ऐन, २०७९ भन्ने बुझिनेछ।

(घ) "क्रसिङ बिन्दु" भन्नाले धनगढी उप-महानगरपालिकामा सञ्चालन हुने गरी दर्ता तथा रुट इजाजत प्राप्त गरेका विद्युतीय रिक्सा र अटो रिक्साहरुले राजमार्ग सडक वारपार गर्ने प्रयोजनका लागि ट्राफिक प्रहरी कार्यालयले निर्धारण गरी दिएका निश्चित संख्याका राजमार्ग सडक वारपार गर्ने स्थान भन्ने बुझिनेछ।

(ङ) "नगर कार्यपालिका" भन्नाले धनगढी उप-महानगरपालिकाको नगर कार्यपालिकालाई बुझाउने छ।

(च) "नगर कार्यपालिका कार्यालय" भन्नाले धनगढी उप-महानगरपालिकाको नगर कार्यपालिका कार्यालयलाई बुझाउने छ ।

(छ)"नगर क्षेत्र" भन्नाले धनगढी उप=महानगरपालिकाको सीमाना भीत्रको भूभागलाई भन्ने बुझाउने छ।

(ज) "प्रमुख" भन्नाले धनगढी उप-महानगरपालिकाको प्रमुख भन्ने बुझाउने छ ।

(झ)"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले धनगढी उप-महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ।

(ञ) "विद्युतीय रिक्सा" भन्नाले पेट्रोलियम पदार्थ बिना विद्युत, सौर्य उर्जा वा नविकरणीय उर्जाबाट चार्ज हुने रिक्सा भन्ने बुझिनेछ । जसलाई छोटकरीमा ई-रिक्सा भनिनेछ।

(ट) "रुट" भन्नाले विद्युतीय रिक्सा र अटो रिक्सा सञ्चालनका लागि नगर क्षेत्र भित्र तोकिएको क्षेत्रमा इजाजत पत्रमा उल्लेखित रुट भन्ने बुझाउनेछ।

(ठ) "समिति" भन्नाले यसै ऐनको दफा १२ बमोजिमको गठित व्यवस्थापन समितिलाई बुझिनेछ ।

(ड) "संचालन अनुमति" भन्नाले धनगढी उप-महानगरपालिकाले रुट निर्धारण गरी नगर क्षेत्र भित्र सञ्चालन गर्न अनुमति दिई सम्बन्धित यातायात व्यवस्था कार्यालयमा सिफारिस गरी दर्ता भएका र दर्ताका लागि सिफारिस भएका विद्युतीय रिक्सा र अटो रिक्साको संचालन अनुमतिलाई बुझाउने छ ।

(ढ) “स्वरोजगार” भन्नाले आफ्नो वा एकाघर परिवारको नाउँमा बिलबुक भई सवारी चालक अनुमति प्राप्त गरी आफैंले सवारी चलाएको व्यक्ति भन्ने बुझिनेछ ।

## परिच्छेद -२
## दर्ता सम्बन्धी व्यवस्था

**३. संचालन अनुमति लिनु पर्नेः**

(१) धनगढी उप-महानगरपालिका क्षेत्र भित्र सञ्चालन गरिने विद्युतीय रिक्सा र अटो रिक्सा जस्ता साना सार्वजनिक सवारी साधनले प्रचलित कानून बमोजिम दर्ता गर्नु पर्ने निकायबाट दर्ता गरी धनगढी उप महानगरपालिका बाट संचालन अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम संचालन अनुमति नलिई नगर क्षेत्र भित्र त्यस्ता सवारी साधन सञ्चालन गर्न पाइने छैन ।

(३) व्यापारिक प्रयोजनका लागि प्रयोग गर्ने व्यवसायी/फर्मले व्यावसायिक प्रयोजनका लागि मात्रै समितिबाट दर्ता गरी सञ्चालन इजाजत लिनुपर्नेछ र व्यापारिक प्रयोजनका लागि इजाजत लिएका साधनहरु अन्य प्रयोजनका लागि सञ्चालन गर्न पाइने छैन ।

**४. अन्यत्र दर्ता भएका सवारी सञ्चालनमा रोक लगाइनेः**

धनगढी उप-महानगरपालिकाबाट सञ्चालनको इजाजत पाएका विधुतीय रिक्सा र अटो रिक्सा बाहेकका अन्यत्र दर्ता भएका विधुतीय रिक्सा र अटो रिक्सा धनगढी उप-महानगरपालिकाभित्र सञ्चालन गर्न पाइने छैन । तर अन्यत्र दर्ता भएका उल्लेखित साधनहरु बिमारी ल्याई आएमा वा रिजर्भ भई आएमा जुन प्रयोजनका लागि ल्याइएका हुन सो प्रयोजन बाहेक अन्यत्र सञ्चालन गर्न पाइने छैन ।

**५. दर्ता गर्नु पर्नेः**

(१) उपमहानगर क्षेत्रमा सञ्चालन हुने गरी ऐनको दफा १२ बमोजिम गठित समितिले निर्धारण गरेको संख्यामा नबढ्ने गरी दर्ताका लागि प्राप्त हुने निवेदनको छानबिन गरी निवेदन प्राप्त भएको मितिले १५ दिन भित्र सो समितिले विधुतीय रिक्सा र अटो रिक्सा दर्ता गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता हुने विद्युतीय रिक्सा र अटो रिक्साको लगत अभिलेख खडा गरी पहिचान खुल्नेसवारी समितिले साधन नम्बर उपलब्ध गराउन सक्नेछ ।

(३) दर्ता भएका विद्युतीय रिक्सा र अटो रिक्सा अनिवार्य रुपमा वार्षिक नवीकरण गर्नु पर्नेछ ।

(४) दर्ता तथा नवीकरण शुल्क नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) रुट इजाजत पत्र शुल्क नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(६) नगरपालिकाबाट तोकिए बमोजिम वार्षिक सवारी कर बुझाउनु पर्नेछ ।

(७) दर्ता प्रमाण पत्र र दर्ता अभिलेख पुस्तिका कार्यालयले स्विकृत गरी लागू गर्न सक्नेछ ।

**६. सूचना गर्नु पर्नेः**

(१) यस ऐन बमोजिम संचालन अनुमतिका लागि समितिले कम्तीमा २१ दिने सार्वजनिक सूचना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित गरी प्राप्त हुने निवेदनको छानबिन र दर्ता गर्दा देहाय बमोजिमको प्राथमिकताको आधारमा दर्ता गर्नु पर्नेछ ।

(क) स्थानीय (नगर क्षेत्र) को स्वरोजगार महिला ।

(ख) स्थानीय (नगर क्षेत्र) स्वरोजगार ।

(ग) स्वरोजगार नेपाली नागरिक ।

(घ) नेपाली नागरिक ।

(ङ) गैर नेपाली नागरिक ।

**७. निवेदन दिनु पर्ने:** दफा ५ बमोजिम दर्ता गर्न दर्ता अनुमति सिफारिस तथा रुट इजाजत प्रयोजनका लागि सम्बन्धित सवारी धनीले देहाय बमोजिमका विवरण संलग्न गरी दर्ताका लागि समितिमा निवेदन दिनु पर्नेछ ।

(१) सवारी धनीको नाम थर ठेगाना

नागरिकता नं. र प्राप्त जिल्ला

नागरिकताको प्रतिलिपि

(२) सवारी खरिद गरेको मिति र खरिद गरेको बिल विजक

(३) सवारीको चेसिस नम्बर

(४) सवारी चालक आफैं भए चालक अनुमति पत्रको प्रतिलिपि

(५) नेपाल सरकार/प्रदेश सरकारका निकाय, विभाग वा कार्यालयमा दर्ता भएको भए सवारी नम्बर र ब्लु बुकको प्रतिलिपि, दर्ता हुँदा रुट इजाजत पत्र प्राप्त गरेको भए सोको विवरण र पुष्टि हुने कागजात।

(६) उल्लेखित विवरण र कागजात सहित निवेदन पर्न आएमा समितिले छानबिन गरी १५ दिन भित्र दर्ता अनुमति सिफारिस र रुट इजाजत पत्रका साथै सवारी साधन नम्बर दिन सक्नेछ ।

**८. सवारी चालक अनुमति पत्र:** नगर क्षेत्रभित्र सञ्चालन हुने सवारी साधनका चालकले प्रचलित कानून बमोजिम अनिवार्य रुपमा सवारी चालक अनुमति पत्र लिएको हुनु पर्नेछ ।

## परिच्छेद-३
## रुट तथा संख्या निर्धारण सम्बन्धी

**९. रुट निर्धारण:**

(१) यस ऐन बमोजिम दर्ता भई सञ्चालन हुने विद्युतीय रिक्सा र अटो रिक्साहरु सञ्चालन गरिने रुटको निर्धारण दफा १२ बमोजिम गठित समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) नगर क्षेत्रमा संचालन अनुमति प्राप्त चालकले रुट इजाजत पत्र साथमा राखु पर्नेछ ।

(३) प्रत्येक विद्युतीय रिक्सा र अटो रिक्साले रुट इजाजत पत्र लिएको हुनुपर्नेछ ।

धनगढी उप-महानगरपालिका राजपत्र

**१०. संख्या निर्धारणः**

(१) नगर क्षेत्र भित्र सञ्चालन हुने विद्युतीय रिक्सा र अटो रिक्साको संख्या निर्धारण समितिको सिफारिसमा नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) समितिले नगर कार्यपालिकामा उपदफा (१) बमोजिम संख्या निर्धारणका लागि सिफारिस गर्दा यात्रुको चाप र सुविधा, ट्राफिक व्यवस्थापन, दुर्घटना न्यूनिकरण, बजार व्यवस्थापनको अवस्था, सडक सञ्जाल जस्ता पक्षहरुलाई ध्यान दिनुपर्नेछ ।

(३) उपदफा २ बमोजिम निर्धारण गरिएको संख्या समितिको सिफारिसमा नगर कार्यपालिकाले समय-समयमा पुनरावलोकन गर्न सक्नेछ ।

(४) विधुतीय रिक्सा र अटो रिक्साको संख्याको पुनरावलोकन प्रत्येक २ वर्षभित्र कम्तीमा १ पटक अनिवार्य रुपमा समितिले गर्नुपर्नेछ।

(५) विधुतीय रिक्सा र अटो रिक्साको सञ्चालन गर्ने अवधि सुरु दर्ता भएको मितिले सात वर्षको हुनेछ भने अटो रिक्साको सञ्चालन अवधि सुरु दर्ता भएको मितिले १० वर्ष हुनेछ ।उल्लेखित समयावधि पुगेका रिक्साहरुलाई सञ्चालन अनुमति दिइने छैन ।

**११. जोरबिजोर प्रणाली लागु गर्न सक्नेः**

यस ऐन बमोजिम निर्धारण गरिएको संख्या बढी भई स्वरोजगार श्रमिकहरुको आम्दानीमा प्रतिकुल असर परेको, ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापन, सडक दुर्घटना, सडक सञ्जाल, यात्रुहरुको चापमा प्रतिकुल प्रभाव परेका जस्ता कारण पाइएमा समितिको सिफारिसमा नगर कार्यपालिकाले सञ्चालनका लागि इजाजत लिएका विधुतीय रिक्सा र अटो रिक्सालाई जोरबिजोर प्रणाली अनुसार सञ्चालन गर्ने व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद-४
## संचालन तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

**१२. विधुतीय रिक्सा र अटो रिक्सा संचालन तथा व्यवस्थापन समितिः**

(१) नगर क्षेत्रमा सञ्चालन हुने विधुतीय रिक्सा र अटो रिक्सा संचालन, व्यवस्थापन तथा भाडा निर्धारण र नियमन सम्बन्धमा सिफारिस एवं कार्य गर्नका लागि देहाय बमोजिमको समिति गठन गरिनेछ ।

(क) नगर प्रमुख - अध्यक्ष
(ख) उप-प्रमुख - सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(घ) भौतिक पूर्वाधार विकास समितिका संयोजक -सदस्य
(ङ) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य
(च) शहरी विकास तथा पूर्वाधार महाशाखा प्रमुख -सदस्य
(छ) यातायात व्यवस्था कार्यालयको प्रमुख -सदस्य

(ज) जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख - सदस्य
(झ) प्रमुखले तोकेको सम्बन्धित ट्रेड युनियनको अध्यक्ष -सदस्य
(ञ) राजस्व शाखा प्रमुख -सदस्य
(ट) सार्वजनिक यातायात तथा व्यवस्थापन शाखा प्रमुख - सदस्य सचिव

(२) दफा (१) बमोजिम गठित समितिको बैठकमा सम्बन्धित विषयका विज्ञहरु, कार्यपालिकाका पदाधिकारी र आवश्यकता अनुसार अन्य कर्मचारीहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

**१३. समितिको काम कर्तव्य र अधिकारः**

(१) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विधुतीय रिक्सा र अटो रिक्साको दर्ता, रुट निर्धारण, रुट नवीकरण, दर्ता नवीकरण तथा खारेजीका कार्यहरु गर्ने ।

(ख) सम्वद्ध स्वरोजगार चालक तथा सवारी धनीहरुसंग समन्वय गर्ने ।

(ग) भाडा दर निर्धारण गर्ने र लागु गर्ने गराउने ।

(घ) प्रत्येक २ वर्षमा भाडा दरमा पुनरावलोकन गर्ने ।

(ङ) सवारी साधन संचालन योग्य छ छैन भन्ने बारेमा समय समयमा प्राविधिक जाँच गराई संचालन योग्य नदेखिएका यस उपमहानगरपालिमा दर्ता विधुतीय रिक्सा र अटो रिक्साको दर्ता र रुट खारेजी गर्ने तथा अन्यत्र दर्ता भएका विधुतीय रिक्सा र अटो रिक्साको दर्ता खारेजी र नवीकरणको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(च) नगर क्षेत्रमा संचालित विधुतीय रिक्सा र अटो रिक्सा सञ्चालनका लागि तोकिएको संख्यामा ट्राफिक व्यवस्थापन, सडक सञ्जाल, यात्रुको चाप, आदिको विश्लेषण गरी तोकिएको संख्यामा पुनरावलोकन गर्न नगर कार्यपालिकामा सिफारिस गर्ने ।

(छ) नगरमा संचालित सवारी साधनमा कलर कोड तोक्न सक्नेछ ।

(२) समितिको बैठक व्यवस्थापन सम्बन्धी कार्यबिधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१४. बिमा गर्नुपर्नेः** विधुतीय रिक्सा र अटो रिक्सा धनीले प्रचलित कानून बमोजिम यात्रु तथा तेश्रो पक्ष बिमा अनिबार्य गर्नुपर्नेछ ।

**१५. विधुतीय रिक्सा र अटो रिक्सा धनि र चालकले पालन गर्नुपर्ने शर्तहरुः** विधुतीय रिक्सा र अटो रिक्सा धनि र चालकले देहाय बमोजिमका शर्तहरु पालन गर्नु पर्नेछ ।

(१) विधुतीय रिक्सा र अटो रिक्सा धनि र चालकको नाम, ठेगाना, फोन नम्बर र प्रमाणीत भाडादर सुचि सबैले देख्ने गरी राख्नु पर्नेछ ।

(२) दर्ता नभएका र नवीकरण नभएका विधुतीय रिक्सा र अटो रिक्सा सञ्चालन गर्न पाइने छैन

(३) विधुतीय रिक्सा र अटो रिक्सा ले सवारी चालकलाई नियुक्ति पत्र वा फोटो सहितको परिचय पत्र उपलब्ध गराउने र सवारी चालकले अनिवार्य परिचय पत्र लगाउनु पर्नेछ ।

(४) मादक पदार्थ वा लागु औषध सेवन गरी सवारी संचालन गर्न पाइने छैन ।

(५) यात्रुसंग मर्यादित व्यवहार गर्नु पर्नेछ ।

## परिच्छेद-५

## दण्ड जरिवाना सम्बन्धी व्यवस्था

**१६. दण्ड जरिवाना सम्बन्धी व्यवस्थाः**

(१)यस ऐनको विपरीत दर्ता अनुमति लिनु पर्नेमा दर्ता अनुमति विना विधुतीय रिक्सा र अटो रिक्सा संचालन गरे गराएमा वा रुट अनुमति विना सवारी चलाएमा, विधुतीय रिक्सा र अटो रिक्सा चालक (अनुमति/लाइसेन्स) प्राप्त नगरी विधुतीय रिक्सा र अटो रिक्सा चलाएको पाइएमा वा तोकिएको भन्दा बढी भाडा लिएको पाइएमा वा निषेधित क्षेत्रमा संचालन गरेका वा दफा १५ बमोजिमको शर्त उल्लंघन गरेमा देहाय बमोजिमको जरिवाना हुनेछ ।

(क) पहिलो पटक भएमा रु.५००।- जरिवाना दोस्रो पटक सोही कसूर गरेमा रु.७५०।- तेश्रोपटक सोही कसूर गरेमा रु.१०००।- जरिवाना हुनेछ । तिन पटक भन्दा बढी पटक पटक सोही कसूर गरेमा दर्ता अनुमति र रुट परमिट समयावधि तोकेर निलम्बन गर्ने र त्यसपछि पनि सोही कसुर दोहोराएको खण्डमा रुट परमिट खारेज समेत हुनेछ ।

(ख) यस दफा बमोजिमको दण्ड जरिवाना तोकिए बमोजिम सम्बन्धित अधिकृत कर्मचारीले गर्नेछ ।

## परिच्छेद-६

## विविध

**१७. पार्किङ्ग स्थलः**

(१) उप-महानगरपालिकाले तोकेको स्थानमा पार्किङ्ग स्थल रहने छ ।

(२) पार्किङ्ग स्थल निर्माण दायित्व उप-महानगरपालिकाको हुनेछ ।

**१८. नियम बनाउन सक्नेः** यस ऐनको कार्यान्वयनका लागि कार्यपालिकाले नियम, कार्यबिधि र मापदण्ड बनाउन सक्नेछ ।

**२०. खारेजी र बचाउः**

यस ऐनमा लेखिए जति कुरा यसै ऐन बमोजिम र अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

आज्ञाले,

..............................

रामलाल श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

धनगढी उप-महानगरपालिका राजपत्र